नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
(शासकीय सुधार शाखा)

EX: पो.ब.नं. :३९८७
सिंहदरवार, काठमाण्डौ

पत्र संख्या :- शा.सु.शा. २०८१/८२
चलानी नं. :- ०९४
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०८१/०५/३०
नेपाल सम्बत ११४४

श्री रेड कार्यान्वयन केन्द्र,
ववरमहल, काठमाण्डौ ।

नेपाल सरकार
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाण्डौं
दर्ता नं.:- ११९
मिति:- २०८१/०६/०२

**विषयः आवश्यक कारबाही गर्ने सम्बन्धमा ।**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारको टिकट नं. HS-WEB-69769, मिति २०८१/०५/२७ को पत्र र पत्रसाथ प्राप्त गुनासोको छाँयाप्रति पाना २(दुई) यसै साथ संलग्न छ । विस्तृत व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई निजी जग्गामा लगाइएको रुखको गैरकानुनी सम्झौता गरिरहेको भन्ने व्यहोराको उजुरी परेकोले सो सम्बन्धमा के कसो भएको हो ? सोको स्पष्ट जानकारी यस मन्त्रालयमा दिनुहुन आदेशानुसार अनुरोध छ ।

..........................
विनोद सापकोटा
शाखा अधिकृत

# नेपाल सरकार
## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
### हेलो सरकार

मिति: 2081-05-27

टिकट नम्बर: HS-WEB-69769

श्री,
वन तथा वातावरण मन्त्रालय,
काठमाण्डौ महानगरपालिका

विषय : पब्लिक गुनासो (गुनासोको प्रकार : वैकल्पिक फारम)

| | |
|---|---|
| टिकट नम्बर | HS-WEB-69769 |
| जानकारीका लागि ? | ☒ |
| सफलता कहानी(Success Story)? | ☒ |
| मिति/समय | 1 week ago |
| फारम | वैकल्पिक फारम |
| गुनासोकर्ताको विवरण | |
| गुनासोकर्ता नाम | प्रनिश थापा / प्रनिश थापा / प्रनिश थापा / प्रनिश थापा / प्रनिश थापा / प्रनिस थापा (9867866199) |
| गुनासो | |
| सोधपुछ/उजुरी/ आवेदन शिर्षक | निजी जग्गामा लगाइएको रुखको गैरकानुनी सम्झौता गरिरहेको |
| विवरण | कार्बन व्यापारका नाममा स्वदेशी तथा विदेशी कम्पनीले नेपालका विभिन्न स्थानमा किसानसँग निजी जग्गामा लगाएका रुखको गैरकानुनी सम्झौता गरिरहेको खुलेको छ । भारत तथा विभिन्न देशका कम्पनीको नाम लिंदै स्थानीय किसानसँग सम्झौता गरिरहेको हुँदा आवश्यक कायार्थ वन तथा वातावरण मन्त्रालयको गर्नुहुन अनुरोध छ । हालसम्म निजी वनको कार्बन व्यापारको रकम कसरी तोक्ने, कति तोक्ने र कार्बन सञ्चिति कति भयो भनेर अध्ययन गर्ने परिपाटी समेत बनिसकेको छैन । नेपालको संविधान अनुसार कार्बन सेवा संघको एक अधिकारको सूचीमा छ । नेपाल सरकार कार्यविभाजन नियमावली 2074 अनुसार कार्बन सेवा र कार्बन सञ्चिति वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्रभित्र पर्छ । अहिलेसम्म नेपालभित्र कुनै पनि निकायलाई मन्त्रालयले कानुनी रुपमा यस्तो व्यापार अनुमति नदिएकाले कुनै किसानले यस्तो सम्झौता गरिसकेको भए त्यो गैरकानुनी ठहर हुने देखिन्छ । नेपाल |

○ श्री योजना अनुगमन तथा समन्वय महाशाखा
○ श्री जलवायु परिवर्तन व्यवस्थापन महाशाखा
○ श्री प्रशासन महाशाखा
○ श्री सहभागितामूलक महाशाखा
○ श्री वातावरण तथा जैविक विविधता महाशाखा
○ श्री वन तथा जलाधार महाशाखा

कार्बन व्यापारका नाममा स्वदेशी तथा विदेशी कम्पनीले नेपालका विभिन्न स्थानमा किसानसँग निजी जग्गामा लगाएका रुखको गैरकानुनी सम्झौता गरिरहेको खुलेको छ । भारत तथा विभिन्न देशका कम्पनीको नाम लिँदै स्थानीय किसानसँग सम्झौता गरिरहेको हुँदा आवश्यक कायार्थ वन तथा वातावरण मन्त्रालयको गर्नुहुन अनुरोध छ । हालसम्म निजी वनको कार्बन व्यापारको रकम- कसरी तोक्ने, कति तोक्ने र कार्बन सञ्चिति कति भयो भनेर अध्ययन गर्ने परिपाटी समेत बनिसकेको छैन । नेपालको संविधान अनुसार कार्बन सेवा संघको एक अधिकारको सूचीमा छ । नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ अनुसार कार्बन सेवा र कार्बन सञ्चिति वन तथा वातावरण मन्त्रालयको कार्य क्षेत्रभित्र पर्छ । अहिलेसम्म नेपालभित्र कुनै पनि निकायलाई मन्त्रालयले कानुनी रूपमा यस्तो व्यापार अनुमति नदिएकाले कुनै किसानले यस्तो सम्झौता गरिसकेको भए त्यो गैरकानुनी ठहर हुने देखिन्छ । नेपाल सरकारले रेड कार्यान्वयन केन्द्रमार्फत आर्थिक वर्ष २०६६/६७ देखि रेडप्लस सम्बन्धी विभिन्न कार्यक्रम कार्यान्वयन गरिरहेको छ । यस कार्यक्रमका लागि विश्व बैंकसँग सरकारले सहकार्य गरिरहेको छ ।